बैठक संख्याः ०१
मितिः२०८२/०४/०५
समयः३:०० बजे
सिंजा गाउँपालिका नराकोट,जुम्ला

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिमका निर्णय गरियो ।

<u>तपशिल</u>

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं. १ अध्यक्ष | हरिनन्द आचार्य | | |
| ४ | वडा नं. २ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं. ४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं. ५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं. ६ अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिका सदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिका सदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिका सदस्य | मागी वड | | |
| १३ | कार्यपालिका सदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिका सदस्य | मोती दमाई | | |
| १५ | नि.प्रमुख प्रशासकीय अधिकृत | शंकर धिताल | | |

<u>प्रस्तावहरु:</u>

प्र.नं.१ वजेट कार्यान्वयन तथा ठेक्का सम्बन्धमा ।

प्र.नं.२ स्थानिय सेवा सुचारु गर्ने सम्बन्धमा ।

प्र.नं.३ डोजर ड्राईभरको सम्बन्धमा ।

प्र.नं.४ निमन्त्रणा स्विकार गर्ने सम्बन्धमा ।

प्र.नं.५ आधारभुत तह कक्षा ६-८ अंग्रेजी, गणित,बिज्ञान शिक्षण सिकाई अनुदान रकम सम्बन्धमा ।

प्र.नं.६ केदारनाथ मेला र कृष्ण अस्टमी मेलामा बजेट व्यबस्थापन सम्बन्धमा ।

<u>निर्णयहरु:</u>

नि.नं.१ प्रस्तावनं १ माथी छलफल गर्दा सिंजा गाउँपालिकाको आ.ब. २०८२/०८३ को बिनियोजित बजेटमा पास भएका बजेट कार्यान्वयन अगाडी बढाउनुकासाथै तपशिल बमोजिमका आयोजनाहरुको तत्काल बोलपत्र आबह्वान गर्ने प्रकृया अगाडी बढाउन सम्बन्धित कर्मचारीलाई निर्देशन दिने निर्णय सर्बसहमतीले पारीत गरियो ।

<u>तपशिल:</u>

१. रनुखाना मोटरेबल पक्कीपुल सिंजा २ रनुखाना र कोटेसाँगु मोटरेबल पक्कीपुल सिंजा ३ नराकोट
२. सामुदायिक बिद्यालयमा स्मार्ट बोर्ड जडान

नि.नं.२ प्रस्ताव नं २ माथी छलफल गर्दा सिंजा गाउँपालिकाको स्थानिय सेवामा कार्यरत केहि कर्मचारीको सेवा नबिकरण नभएका बर्थिङ्ग सेन्टरमा कार्यरत स्वयं सेबक कर्मचारी र निम्न माध्यामिक बिद्यालयमा स्वयंसेबक शिक्षकहरुलाई सेवामा निरन्तरता दिनकालागी बैकल्पिक ब्यबस्था गर्न आबश्यक प्रकृया अगाडी बढाउने निर्णय सर्ब सहमतिले पारीत गरियो ।

नि.नं.३ प्रस्ताव नं ३ माथी छलफल गर्दा सिंजा गाउँपालिकाको डोजर चालक बाँके जिल्ला कोहलपुर नगर पालिका साबिकको नौबस्ता -९ बस्ने श्री खड्क बहादुर बुड्थापालाई करार सम्झौताका आधारमा पारिश्रमिक प्रदान गरी काममा लगाउने निर्णय सर्बसहमतीले पारीत गरियो साथै पालिकाको डोजरले अतिरिक्त समयमा गरेको कार्यको मुल्याङ्कन गरि प्राप्त आम्दानीको १० प्रतिसत रकम चालक/सहचालकलाई भत्ताकारुपमा प्रदान गर्ने निर्णय गरियो ।

नि.नं.४ प्रस्ताब नं ४ माथी व्यापक छलफल गर्दा सिंजा गाउँपालिकालाई खस भाषा संस्कृती र सभ्यता सम्बन्धि कार्यरत **प्रतिभा नक्षेत्र** संस्थाले दिएको निम्तो स्विकार गरि सिंजा गाउँपालिकाका अध्यक्ष **श्री पूर्ण प्रसाद धिताललाई** बेलायत भ्रमणको स्विकृती प्रदान गर्ने निर्णय सर्बसहमतिले पारीत गरियो ।

नि.नं. ५ प्रस्ताव नं ५ माथी व्यापक छलफल गर्दा सिंजा गाउँपालिकामा २०७८ देखि निरन्तर कार्यरत शिक्षकहरुको आधारभुत तह कक्षा ६-८ को अंग्रजी, गणित,बिज्ञान शिक्षण सहयोग अनुदानको शिर्षकमा निकासा प्राप्त नभएकाले सिंजा गाउपालिकामा अंग्रेजी,गणित,बिज्ञान शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षकको तलब भत्ता निकासाका निम्ति शिक्षा तथा मानब स्रोत बिकास केन्द्रमा माग गर्न शिक्षा युवा तथा खेलकुद शाखाबाट आबश्यक प्रकृया अगाडी बढाउने निर्णय सर्ब सहमतिले पारीत गरियो ।

नि.नं६ प्रस्ताव नं ६ माथी ब्यापक छलफल गर्दा सिंजा गाउँपालिकामा साउन पुनीको एकादसीमा नियमित सञ्चालन हुदै आएको सिंजा गाउँपालिकाको गौरबको मेला केदारनाथ मेला रु २५००००। अक्षेररुपी दुईलाख पचास हजार र श्री कृष्ण जन्म अस्टमीको दिन नराकोट बजारमा सञ्चालन हुने कृष्ण जात्राका निम्ति २०००००। अक्षेररुपी दुईलाख बजेट पालिकाको आन्तरीक श्रोत बाट व्यबस्थापन गर्ने निर्णय सर्ब सहमतिले पारीत गरियो ।

निर्णय नं.१ सिंजा गाउँपालिकामा सञ्चालन हुने घर बीमा कार्यक्रम सञ्चालनका लागि स्थानीय सहजीकरण तथा अनुगमन समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क. | गाउँपालिका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल | संयोजक |
| ख. | प्रमुख प्रशासकीय अधिकृत श्री टेक बहादुर शाही | सदस्य |
| ग. | पूर्वाधार विकास समितिका संयोजक श्री सुरथ बहादुर रावत | सदस्य |
| घ. | इन्जिनियर पूर्वाधार विकास शाखा प्रमुख श्री राज कुमार भट्ट | सदस्य |
| ङ. | शाखा प्रमुख वीमक श्री मिसन बुढा | सदस्य |
| च. | प्रमुख, वातावरण तथा विपद् व्यवस्थापन शाखा श्री दिपराज रोकाया | सदस्य सचिव |

निर्णय नं.२ सिंजा गाउँपालिका र रोयल रश्मी कन्ट्रक्शन प्रा.लि. जुम्ला बिच ठेक्का नं. SRM/NCB/WORKS/BUILDING/01/082 अनुसार sinjagaupalikako ward No.3 Ra 5 BhawanNirmanगर्ने गराउने कार्यका लागि मिति २०८१/०९/०४ मा सम्झौता भएकोमा उक्त भवन निर्माण स्थलमा फिल्ड काटने कार्यमा कडा चटान लागि समयमै फिल्ड कटिङ्गको कार्यमा ढिला भएको र वडा कार्यालयको भवन नहुदा सेवा प्रवाहमा समस्या हुने हुदा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली२०६४ (चौधौ संशोधन)सहित नियम १२० क बमोजिम ठेक्कामा कबोल अंकमा नबढने गरी थप दायित्व नव्यहोने गरी मिति २०८२/०८/१५ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.३. सिंजा गाउँपालिका र रोयल रश्मी कन्ट्रक्शन प्रा.लि. जुम्ला बिच ठेक्का नं. SRM/NCB/WORKS/ROAD/02/081/082 अनुसार PharsebadaDekhiKedarnathSammaGraminsSadakInstharunnatiगर्ने गराउने कार्यका लागि मिति २०८१/०९/०४ मा सम्झौता भएकोमा उक्त योजनाको साइड खन्ने कार्य गाउँपालिकाको मोसिनले गर्ने रहेकोमा तोकिएको समयमा एक्साभेटर मेसिनको कारणले कम्पनीलाई नियमितरुपमा कार्य गर्न का लागि साइड उपलब्ध गराउन नसकिएकाले सार्जजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (चौधौ संशोधन) सहित नियम १२० क बमोजिम ठेक्काको कबोल अंकमा नबढने गरी थप आर्थिक दायित्व नरहने गरी मिति २०८२/०३/२० सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.४ सिंजा गाउँपालिका र रोलय रश्मी कन्ट्रक्शन प्रा.लि. जुम्ला बिच ठेक्का नं. SRM/NCB/WORKS/ROAD/01/081/082 अनुसार dhitallihidekhiBhadgaunGraminsSadakInstharunnatiगर्ने गराउने कार्यका लागि मिति २०८१/०९/०४ मा सम्झौता भएकोमा उक्त योजनाको साइड खन्ने कार्य गाउँपालिकाको मोसिनले गर्ने रहेकोमा एउटा मेसिनको ३ वटा योजनाको साइड खन्ने कार्य गर्न नसकिएकाले सार्जजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (चौधौ संशोधन) सहित नियम १२० क बमोजिम ठेक्कामा कबोल अंकमा नबढने गरी थप आर्थिक दायित्व नरहने गरी मिति २०८२/०३/२० सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १. सिंजा गाउँपालिकाको वडा नं. ५ मा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट चालु अ.व. २०८२/०८३ को विनियोजित कार्यक्रममा हाडिखोला बाईदारा सनिगाउँ सडक निर्माण हुनु पर्नेमा हाडिखोला बाईदारा रानिगाउँ भएकोले उक्त आयोजनाको नाम संशोधन गरी हाडिखोला बाईदारा सनिगाउँ सडक निर्माण गरि दिनु हुनका लागि सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २. बाईदारा सनिगाउँ सडक निर्माण योजना वडा नं. ५ र ६ का करिव ७०० घर धुरीका लागि अतिआवश्यक भएकोले तहाँ कार्यालयबाट आ.व. २०८२/०८३ को बजेटमा रु २५०००००।- पच्चीस लाख विनियोजन भएकोले उक्त आयोजनामा कम्तिमा रु. ५००००००।- पचास लाख बजेट बनाई दिन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. सिंजा गाउँपालिका वडा नं. २ चुलेलगाउँमा संचालित श्री माध्यमिक विधालय चुलेलगाउँको हाता भित्र भोगचलन गरिरहेको साविक धापा गा.वि.स. ९ क कि.नं. ८९९ को ३०० वर्ग मिटर मध्ये जग्गाधनी श्री कालि बहादुर विष्टले विधालयलाई जग्गादान दिन मन्जुर भएकोले उक्त जग्गाको २२६ वर्ग मिटर पूर्वदक्षिण तर्फ क्षेत्रफल कित्ता काट गरी विधालयको नाममा नामसारी गरी दिनुहुनका लागि सम्बन्धित कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।